म.जि. प्र. का. द.नं. : १०६/०६८,  वर्ष १२,  अंक ४१  शुक्रबार २४ भदौ २०७९  ने. सं. ११४२ ञलाथ्व  9 September, 2022  www.sajhakuranews.com  पृष्ठ संख्या ४  मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर बिक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४**
**९८४५०२८४३१**

# मकवानपुरका अटेरी जनप्रतिनिधि: कानुन मान्दैनन्, जवाफ पनि दिँदैनन्

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ गत ३० वैशाख २०७९ मा भएको स्थानीय तह सदस्य निर्वाचनबाट विजयी भएपछि खुशीले 'भूँईमा खुट्टासमेत नटेकी' दौडिएका जनप्रतिनिधिहरु कानुनलाई टेर्दैनन् ।

चुनाव जितेपछि महिनौंसम्म अबिर, खादा र माला जात्रामा रमाएका जनप्रतिनिधिहरुले आफ्नो पहिलो कानुनीय कर्तव्यसमेत पूरा नगरेको पाइएको छ । देशमा निर्वाचन गराउने एउटा छुट्टै संवैधानिक अधिकारप्राप्त निकाय छ । निर्वाचन आयोगले प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तह निर्वाचन गराउँछ ।

निर्वाचनको तयारीदेखि निर्वाचनको आम्दानी र खर्च, उम्मेदवारहरुले गर्न हुने र नहुने सबै गतिविधि आयोगले प्रत्यक्ष हेर्छ । निर्वाचनलाई विश्वासिलो, भरपर्दो र सुरक्षित बनाउन आयोगले कानुन बनाएको छ । तर, आयोगकै कानुन जनप्रतिनिधिहरूले टेर्दैनन् ।

संवैधानिक आयोगलाई समेत अटेर गर्ने जनप्रतिनिधिहरुले जनतालाई कति टेर्छन् ? भन्ने प्रश्न उठेको छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ को उपदफा १ र स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ (४) अनुसार उम्मेदवारले निर्वाचनको अन्तिम नतिजा सार्वजनिक भएको मितिले ३० दिनभित्र निर्वाचनको खर्च पेश गर्नुपर्ने कानुनी प्रावधान छ । तर, मकवानपुरका गाउँपालिका अध्यक्ष, उपाध्यक्षदेखि कार्यपालिका सदस्य, वडा अध्यक्ष र वडा सदस्यहरुले आफ्नो खर्च विवरण बुझाएका छैनन् ।




विचरा जनप्रतिनिधि ! चुनाव जितेपछि अबिर जात्रामा हिँड्न भ्याईनभ्याई भएपछि कसरी खर्चको विवरण बुझाउनु ? निर्वाचन जितेपछि नागरिकको मुद्दासमेत बिर्सिएर आत्मरतिमा रमाउने गरेको आरोप जनप्रतिनिधिले खेप्दै आएका छन् । ३० वैशाखमा भएको निर्वाचनमा जिल्ला समन्वय समितिका पदाधिकारी र सदस्य, पालिकाको प्रमुख/उपप्रमुख तथा कार्यपालिका सदस्य, वडा अध्यक्ष, वडा सदस्य गरी २ हजार ४२ जना उम्मेदवार थिए । कानुनत: निर्वाचनबाट बिजयी भएकाहरुमात्र हैन, पराजित भएकाहरुसमेत सबै उम्मेदवारले खर्च विवरण बुझाउनु पर्छ । तर, निर्वाचन हारेका त टाढाको कुरा बिजयी भएकाहरुलेसमेत विवरण नबुझाएको प्रदेश निर्वाचन कार्यालय हेटौंडाले जानकारी दिएको छ । मकवानपुरमा एउटा उपमहानगरपालिका, एउटा नगरपालिका र ८ वटा गाउँपालिका छ । जिल्लाभर १ सय २ वटा वडाहरु छन् । १०/१० पालिका प्रमुख/उपप्रमुख, १ सय २ वडाअध्यक्ष सहित ५ सय ३० जना जनप्रतिनिधि छन् ।

यी ५ सय ३० जनप्रतिनिधिमध्ये अधिकांशले चुनाव जित्नका लागि गरेको खर्च आयोगमा नबुझाएको प्रदेश निर्वाचन कार्यालय बागमती प्रदेश हेटौंडाका शाखा अधिकृत गोविन्दप्रसाद पौडेलले जानकारी दिए । जिल्लाको १० स्थानीय तहमा ५ सय ३० पदको लागि १ हजार ९ सय ३१ जनाले उम्मेदवारी दिएका थिए । जसमध्ये १ हजार ५ सय ८५ जना उम्मेदवारले निर्वाचन खर्च विवरण पेश नगरेका हुन् । उम्मेदवारहरुमध्ये ३ सय ४६ जनाले मात्रै कानूनबमोजिम निर्वाचन खर्चको विवरण पेश गरेको पौडेलले जानकारी दिए । मकवानपुरका जिसस प्रमुख ललितकुमार घलानबाहेक उपप्रमुखदेखि सदस्यसम्मले खर्च विवरण बुझाएका छैनन् । १० वटै स्थानीय तहमा भएको कार्यपालिका सदस्य निर्वाचनमा भाग लिएका ९९ जनामध्ये थोरैले मात्रै विवरण बुझाएको पौडेलले बताए ।

कार्यालयका अनुसार जिल्लाका १० पालिकामध्ये निर्वाचन खर्च पेश नगर्नेमा इन्द्रसरोबर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी र उपाध्यक्ष उमा कुमारी लामा छन् । बागमती गाउँपालिका उपाध्यक्ष फणिन्द्र तिमल्सिनाले पनि खर्चको विवरण नबुझाएका हुन् । बाँकी पालिकाको प्रमुख र उपप्रमुखहरुले खर्च विवरण बुझाएका छन् । मकवानपुरका ५९ वडाअध्यक्ष र अधिकांश वडा सदस्यहरुले खर्च विवरण पेश गरेका छैनन् । इन्द्रसरोबरका पाँचवटै वडा अध्ययक्षहरुले कानुनलाई अटेर गरेको पाइएको छ ।

जनप्रतिनिधिहरु यतिसम्म अटेरी की, खर्च विवरण नबुझाएको सम्बन्धमा जवाफसमेत दिएनन् । निर्वाचन खर्च आयोगले तोकेको समयमा नबुझाएपछि उम्मेदवारहरुलाई ७ दिनभित्र स्पष्टीकरण पेश गर्न सूचना जारी गरिएको थियो । 'तोकिएको समय अवधिभित्र निर्वाचन खर्च विवरण पेश नबुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही गर्न नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाईसहित ७ दिनभित्र स्पष्टीकरण पेश गर्नुहोला', सूचनामा भनिएको थियो । प्रदेश निर्वाचन कार्यालयमा १ सय ९३ जनाले स्पष्टीकरण बुझाएका थिए । कार्यालयका शाखा अधिकृत पौडेलले स्पष्टीकरण बुझाउने जनप्रतिनिधिहरुको संख्या बढ्ने बताए ।

खर्च विवरण पेश नगर्ने जनप्रतिनिधिलाई दण्डित गर्नेसम्मको कानुन छ । तर, आयोगले यसअघिका वर्षमा कानुनलाई प्रभावकारी ढंगबाट कार्यान्वयन नगर्दा उम्मेदवार तथा निर्वाचित जनप्रतिनिधिहरुलाई मनलाग्दी गर्न छुट भएको थियो । निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ मा निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण बुझाउनुपर्नेअन्तर्गत् उपदफा (१) राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण प्रचलित संघीय कानूनबमोजिम आयोगले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ । विवरण नबुझाउने राजनीतिक दल वा उम्मेदवारलाई निर्वाचन आयोग सम्बन्धी प्रचलित संघीय कानून बमोजिम जरिवाना गर्न सक्नेछ ।

विवरण सार्वजनिक नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले १५ रुपैयाँसम्म जरिवाना गरी मनासिब समय तोकी त्यस्तो विवरण सार्वजनिक गर्न आदेश दिन सक्नेछ । उपदफा (५) उपदफा (४) बमोजिमको समयभित्र त्यस्तो विवरण सार्वजनिक नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले पटकैपिच्छे १५ हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

तर, आयोगले आफ्नै कानुन कार्यान्वयन गर्न सकेको छैन । शाखा अधिकृत पौडेलले विगतमा यति कडा पनि नहुने स्मरण गर्दै वर्तमान आयोग नेतृत्वले कानुन कार्यान्वयनमा कडाई गरेको दाबी गरे । आयोगले तोकेको खर्च सीमाभन्दा बढी खर्च गरेमा निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हद्मध्ये जुन बढी हुन्छ सोही बराबरको रकम जरिबाना तथा निर्वाचन स्वत: बदर गर्न सक्नेछ ।

# आईटीएफ तेक्वान्दोका २५ जना खेलाडी छनौट



साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ पोखरामा हुने नवौं राष्ट्रिय खेलकुदमा सहभागिताको लागि बागमती प्रदेशबाट आईटीएफ तेक्वान्दोका २५ जना खेलाडी छनौट भएका छन् ।

प्रदेशको राजधानी हेटौंडामा भएको छनौटमा सहभागी २५० खेलाडीमध्ये विभिन्न तौल समूहमा २५ खेलाडी छनौटमा परेका हुन् । मकवानपुर आईटीएफ तेक्वान्दो संघका सचिव प्रकाश शाहीले छनौटमा परेका खेलाडीलाई उपमहानगरपालिकाका नगर प्रमुख मिनाकुमारी लामाले पुरस्कार वितरण गरेको बताए ।

कार्यक्रममा बोल्दै लामाले खेलकुदको विकासका लागि उपमहानगरपालिकाले लगानी गर्ने बताइन् । नगरप्रमुख लामाले खेलाडीले देश र नगरलाई चिनाउने हुँदा उपमहानगरपालिका खेलकुदलाई महत्वका साथ अघि बढाउने तयारीमा रहेको बताइन् । उनले खेलकुदलाई अघि बढाउनका लागि पूर्वाधार निर्माणको क्षेत्रमा खर्च गरिरहेको बताइन् । उनले चालु आर्थिक वर्ष २०७९/०८० मा खेलकुदको विकास र पूर्वाधार निर्माणका लागि छ करोड २९ लाख रुपैयाँ बजेट छुट्याएर काम थालिएको जानकारी दिइन् ।

आईटीएफ तेक्वान्दो संघ बागमती प्रदेशका अध्यक्ष उमेश राजथलाको अध्यक्षतामा भएको छनौट प्रतियोगिताको समापनमा प्रदेश खेलकुद विकास समितिका सदस्य माधव तिमल्सिना, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीलगायतको आतिथ्यता थियो । असोजको २८ गतेबाट पोखरामा हुने प्रतियोगितामा सहभागी हुन प्रदेशको रसुवा र दोलखाबाहेकका १० जिल्लाका खेलाडी छनौट हेटौंडामा २२ र २३ गते सञ्चालन भएको थियो ।






साझाकुरा

## हाम्रो कुरा

# चाडपर्वको मौसम र मिसावट

हाम्रा मुख्य चाडपर्वहरु यतिबेला विस्तारै घरआँगनमा भित्रिने क्रममा छन् । नेपाली हिन्दू महिलाहरुको महान पर्व तीज हामीबाट बिदा भइसकेको छ भने दशैं र तिहारजस्ता ठूला चाडपर्वहरु हाम्रो घरआँगनमा विस्तारै भित्रिने क्रममा छन् । चाडपर्वको आगमनसँगै हाम्रो बजारमा चहलपहल वृद्धि हुन थालेको छ । गाउँघरमा विस्तारै चहलपहल बढ्दैछ, परदेश गएकाहरु घर फर्कने क्रममा छन् । त्यसैले गाउँघर तथा शहरबजार जताततै चाडपर्वको रौनक बढ्न थालेको छ । चाडपर्वलाई जसरी आम जनताले एकआपसमा सुख, दु:ख साटासाट गर्ने अवसरको रुपमा बुझ्ने गर्दछन्, त्यसरी नै कालाबजारी गर्नेहरुले पनि कमाउने ठूलो मौकाको रुपमा लिने गर्दछन् । उनीहरुले यस अवसरमा सामानहरुमा मिसावट गर्ने गर्दछन् । चाहे खाद्यवस्तु होस् वा अन्य सामग्री, ती सबैमा कुनै न कुनै किसिमको मिसावट गर्ने समस्याले आम उपभोक्ताहरु हैरान छन् ।

चाडपर्वहरु हाम्रा संस्कृति हुन्, जसले एकातिर हाम्रा विगतदेखिका परम्परालाई जगेर्ना गर्न मद्दत गरेका छन् भने अर्कोतर्फ हाम्रो पहिचानलाई सबैसामु चिनाउने काम गरेका छन् । यसर्थ चाडपर्वलाई विश्वमा हाम्रो पहिचान भनेर चिनाउने र सामाजिक सद्भाव कायम गर्ने अवसरको रुपमा हामी बुझ्ने गर्दछौं । चाडपर्व नजिकिँदै जाँदा दैनिक उपभोग्य वस्तुलगायत अन्य आवश्यक सामग्रीको मूल्यवृद्धि हुने समस्या देखिएको छ । एकातर्फ गाँस, बास र कपासको उचित व्यवस्था गर्न नसक्ने सर्वसाधारण गरिब जनतालाई सकी नसकी भए पनि सामान किन्नुपर्ने बाध्यता छ भने अर्कोतर्फ त्यही सामान पनि शुद्ध नभई मिसावट भएको किन्नुपर्ने बाध्यता छ । खाद्यवस्तुमा हुने मिसावटले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्छ । यसले स्वास्थ्यमा गम्भीर समस्या पैदा गर्नुका साथै विभिन्न किसिमका रोगहरुले संक्रमण गर्ने अवस्था सिर्जना गरिदिन्छ । यसर्थ खाद्यवस्तुका नाममा बजारमा बिक्री वितरण हुने अखाद्यवस्तु तथा मिसावटयुक्त सामग्री बिक्री वितरण गर्न नदिन समय-समयमा बजार अनुगमन गरिनु पर्दछ । सरकारबाट अनुगमन गर्न पाउने अधिकार पाएका विभिन्न सरकारी निकाय, उपभोक्तावादी संघसंस्था तथा उद्योग वाणिज्य संघले पनि यस्ता सामग्रीहरु सकभर बिक्री वितरण हुन नदिन र भइहाले पनि सामग्रीलाई नियन्त्रणमा लिई नष्ट गर्नु र दोषीलाई कानूनी कारबाही गर्नु जरुरी छ ।

चाडपर्व मनाउने नाममा दोहोरो मारमा परेका गरिब जनता हरेक किसिमले अप्ठ्यारोमा परेकै छन् । कतिपय नेपालीहरु अहिले पनि समाजमा देखाउनका निम्ति वा बाबु बाजेले मानिआएको चाडपर्वलाई निरन्तरता दिन ऋण गरेरै भए पनि मनाउनुपर्ने बाध्यतामा छन् । यसबाट उनीहरुको आर्थिकस्तर दिनानुदिन नाजुक बन्दै गइरहेको छ । अर्कोतर्फ बजारमा किनेका सामानहरुमा हुने मिसावटले पैसाको खर्च र स्वास्थ्यमा असर पुर्‍याइरहेको छ । चाडपर्वको मौका छोपेर हुने कालोबजारी समयमै नियन्त्रण गरी नेपाली जनतालाई राम्रोसँग चाडपर्व मनाउने वातावरण सिर्जना गर्नेतर्फ सम्बन्धित सबैको गम्भीर चासो आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ २५ गते शनिबार १० सेप्टेम्बर २०२२ । भाद्र शुक्लपक्ष पूर्णिमा । ञलाथ्व ११४२ ने.सं. । सूर्योदय ५:४७, सूर्यास्त ६:१३ । इन्द्रह स्नान, भक्तपुर सिद्धपोखरी मेला ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सकारात्मक सोचाइ रहनेछ | **तुला** | : शुभ समाचार मिल्नेछ |
| **वृष** | : दया मायाका कार्य हुनेछन् | **वृश्चिक** | : व्यापार लाभप्रद रहनेछ |
| **मिथुन** | : धार्मिक आस्था बढ्नेछ | **धनु** | : सन्तानको चिन्ता बढ्नेछ |
| **कर्कट** | : अधिक परिश्रम गर्नु पर्नेछ | **मकर** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ |
| **सिंह** | : मेहनतको फल पाइनेछ | **कुम्भ** | : रोकिएका काम सम्पादन हुनेछन् |
| **कन्या** | : कार्यभार र व्यस्तता बढ्नेछ | **मीन** | : पठन-पाठनमा प्रगति हुनेछ |

# कस्तो हुनुपर्छ अबको नेतृत्व ?



**पृथ्वीनारायणको बेला लड्ने क्षमता चाहिन्थ्यो भने वीपी र पुष्पलालको बेला सोच्ने र निर्णय गर्ने क्षमता । अब गणतन्त्रको जगमा बसेर सामाजिक असमानता कम गर्दै आर्थिक, सामाजिक समस्या हल गर्ने क्षमता भएको नेतृत्व आवश्यक छ ।**

✍ दिवस खनिया

समाजमा एउटा यस्तो पुस्ता जन्मँदैछ जसले राजनीति भन्ने शब्द सुन्नासाथ नाक खुम्च्याउँछ । यसलाई यसरी बुझ्न सकिन्छ कि समाजमा एउटा यस्तो पुस्ता आउँदैछ, जसले यो समाजप्रति आफ्नो केही उत्तरदायित्व छ भनेर स्वीकार्दैन वा समाजका निम्ति देशका निमित्त जोखिम मोल्न तयार हुँदैन । राजनीति भनेको नीति अनुसारको राज हुनुपर्थ्यो तर जसको राज उसकै नीति जस्तो देखिन पुगेको छ । यसमा अर्को पुस्ताको हस्तक्षेपको आवश्यकता महसुस हुन थालेको छ ।

***नेतृत्व पुस्तान्तरण***

हामीले समय-समयमा राजनीतिमा पुस्तान्तरणको छलफल नसुनेका पनि होइनौं । 'यो पुस्ताले सक्दैन, नयाँ पुस्तालाई मौका दिनुपर्छ ।' यो भनिरहँदा यो पनि बुझ्नुपर्छ कि नेतृत्व लामो प्रक्रिया, सैर्ष र गतिशीलताबाट जन्मिने कुरा हो, जोखाना हेरेर होइन । यो भनेर पन्छिने छुट पनि कसैलाई छैन । हाम्रो प्रणाली नै यस्तो छ कि नेताले कार्यकर्ता छान्छ र तिनै कार्यकर्ताले नेता छान्छन् । पार्टीमा गुट पनि यहींनेर जन्मिन्छ, चाकडी पनि यहींनेर सुरु हुन्छ । पुस्तान्तरणको प्रक्रिया पनि यहीं अवरुद्ध हुन्छ ।

नेतृत्व पुस्तान्तरण भनेको एउटा उमेर समूहको सट्टा अर्को उमेर समूहले नेतृत्व गर्ने मात्र हो बुझ्नुहुन्छ भने तपाईं गलत हुनुहुन्छ । नेतृत्व पुस्तान्तरण भनेको उमेर समूहको पुस्तान्तरण मात्र नभएर एजेन्डा र दृष्टिकोणको पुस्तान्तरण हो । दृष्टिकोण विना एजेन्डा निर्माण हुँदैन र एजेण्डा विना राजनीतिको अर्थ छैन । त्यसैले हुबहु समान दृष्टिकोण रहेको फरक उमेर समूहको पुस्तान्तरण भनेको बिरालोलाई बाघको खोल ओढाउनु मात्र हो ।

दृष्टिकोण अध्ययनसँग जोडिन्छ तर हाम्रो प्रणालीमा अध्ययन चाकडीको अगाडि गौण बनिदिन्छ । ठूलो मान्छेको चाकडी गर्ने मान्छेले आफूलाई पनि कसैले चाकडी गरिदेओस् भन्ने अपेक्षा गर्छ । आफूले कसैलाई माईबाप मानेकाले कसैले आफूलाई पनि मानिदेओस् भन्ने अपेक्षा गर्छ । अनि पुरानै राजनीतिक संस्कार र प्रक्रिया दोहोरिन्छ, तेहरिन्छ ।

***अब कस्तो नेतृत्व ?***

अब आउनुहोस्, छलफल गरौं अबको नेतृत्व कस्तो हुनुपर्छ भनेर । सामान्य अर्थमा भन्दा नेतृत्व सामुन्ने भएको काम पूरा गर्न सक्ने योग्यता भएको हुनुपर्दछ । सुन्दा सामान्य लागे पनि यो एकदमै गहन विषय हो । काम पूरा गर्न सक्ने मात्र हैन, प्रभावकारी र कुशलतापूर्वक गर्न सक्ने नेता इतिहासको आवश्यकता र आकस्मिकताले जन्मिन्छ ।

**समानुपातिक संसद आजको आवश्यकता हो । सांसदलाई कानून निर्माणमा मात्र लगाएर, विभिन्न विज्ञलाई कार्यपालिकामा जिम्मेवारी दिएमा भ्रष्टाचारको न्यूनीकरण र कार्यपालिकाको गुणस्तरमा एकैसाथ परिवर्तन गर्न सकिन्छ । स्थानीय निकायलाई सक्दो बलियो र पारदर्शी बनाउनु आवश्यक छ ।**

पृथ्वीनारायणको बेला लड्ने क्षमता चाहिन्थ्यो भने वीपी र पुष्पलालको बेला सोच्ने र निर्णय गर्ने क्षमता । अब गणतन्त्रको जगमा बसेर सामाजिक असमानता कम गर्दै आर्थिक, सामाजिक समस्या हल गर्ने क्षमता भएको नेतृत्व आवश्यक छ ।

अबको नेतृत्व समाजको नेतृत्व गर्न ज्ञान-विज्ञान, कूटनीति र भू-राजनीति बुझ्नुपर्छ । समाजशास्त्र, मानवशास्त्र र अर्थशास्त्र बुझ्नुपर्छ । यी सबैलाई व्यवस्थापन गर्ने राजनीतिक प्रणाली पनि बुझ्नुपर्छ र उन्नत प्रणाली कस्तो हुन्छ भनेर सोच्न सक्ने हुनुपर्छ ।

आईक्यू, ईक्यू भन्ने हुन्छ । राजनीतिक नेतृत्व भनेको ज्ञान र बुद्धिको संयोजन मात्र हो भन्नु मूर्खता हो । त्योभन्दा बढी भावनात्मक परिपक्वताको संयोजन पनि हो । त्यसैले अबको नेतृत्वमा ज्ञानसँगै भावनात्मक परिपक्वता र कन्भिन्सिङ क्षमता पनि अनिवार्य शर्त हो । नेतृत्व सिद्धान्त र विचारमा असल मात्र भएर पुग्दैन, वेगवान् र गतिशील पनि हुनु आवश्यक छ । उसलाई स-साना उल्झनमा अल्झिने छुट हुँदैन ।

यसरी राजनीतिक पुस्तान्तरणको कुरा गरिरहँदा पनि तपाईंलाई राजनीति फोहरी खेल हो भनेर लागिरहेको होला । तर तपाईंले यो बुझ्नुपर्छ कि राजनीति फोहरी खेल नभएर फोहरी खेलाडीले धमिलो बनाएको सफा र स्वच्छ सागर हो । राजनीति सकारात्मक परिवर्तनका लागि, जनता र जनजीविकाका सवालका लागि, सामाजिक न्यायसहितको समृद्धिका लागि, सामाजिक, आर्थिक रुपान्तरणका लागि गरिने प्रयत्न हो । राजनीति भनेको राज्यको सञ्चालन वा रेखदेख गर्ने सर्वोच्च नीति हो ।

ठूलो माछाले सानो माछा नखाओस् भनेर कानून राख्ने, न्याय दिने, सुशासन कायम गर्ने काम राज्यले गर्न सक्नुपर्छ । राज्य र समाजको व्यवस्थापन, सञ्चालन, रक्षा र उन्नयनको निम्ति गरिने प्रयत्न हो । तत्काल समाजमा विद्यमान मुख्य अन्तरविरोध समस्या हल गर्ने साधन राजनीति हो । एक आयामिक हैन बहुआयामिक प्रक्रिया हो राजनीति । देश भेटाउने र छाम्ने माध्यम नै राजनीति हो । यस्तो पवित्र उद्देश्य सहितको कार्यलाई फोहरी खेल भन्न आजैबाट छोड्नुपर्छ ।

***राजनीतिको फोहर सफा गरौं, नभागौं***

अहिले त राजनीति फरक संगठनहरू बीचको, फरक नेतृत्व समूह बीचको सत्ता सैर्ष मात्र भएको छ । यस पवित्र गङ्गामा पसेर फोहर गर्न खोज्ने फोहरी खेलाडीहरूलाई नाङ्गेझार पार्नुपर्छ । फोहर साफ गर्न लागेकाहरूलाई फोहर लाग्न पनि सक्छ । त्यसो भन्दैमा फोहरबाट भाग्नु हुँदैन । सामना गर्ने आँट गर्नुपर्दछ ।

सबैले राजनीति गर्नुपर्छ भन्ने छैन तर सबैमा राजनीतिक चेत चाहिं अवश्य चाहिन्छ । तपाईंजस्तै त्यो फोहर साफ गर्न छिरेका सच्चा राजनीतिज्ञहरूलाई फोहर लगाइदिन खोजिएको पनि हुन सक्छ । सच्चा राजनीतिज्ञलाई पहिचान गरी साथ, सहयोग र समर्थन गर्नुपर्दछ ।

१९औं शताब्दीका महान् दार्शनिक कार्ल मार्क्सले अर्थतन्त्रलाई समाजको जग मानेका थिए । उनले अर्थतन्त्रलाई 'आधार' र सामाजिक संस्था तथा ऐन, कानूनलाई सो आधारमा बनेका 'उपरीसंरचना' मानेका थिए । आर्थिक व्यवस्था त्यो जग हो, जसमा राजनीतिक व्यवस्था आधारित हुन्छ । आर्थिक व्यवस्था स्रोत साधनको बाँडफाँट, उत्पादन र वितरणसँग सम्बन्धित छ । यसको असन्तुलित वितरणले समाजमा वर्गको निर्माण गर्छ, अन्तर्विरोध उत्पन्न गराउँछ । उनको विचारमा समाजमा विद्यमान मुख्य अन्तरविरोध समस्या हल गर्ने साधन राजनीति हो ।

राजनीतिले उत्पादन पद्धति, उत्पादनको साधनमा भएको स्वामित्व र उत्पादन सम्बन्ध (स्वामित्व र वितरण) मा परिवर्तन गरी समग्र मानव सभ्यतालाई विभेदरहित, वर्गरहित ढङ्गले विकास गर्ने प्रयत्न गर्छ । यसको भित्री संरचना आर्थिक व्यवस्था हो र उपरीसंरचना राजनीति हो । त्यसैले राजनीतिलाई अर्थव्यवस्थाको आँखाले हेरिनुपर्दछ । त्यसका साथै संगठनात्मक सिद्धान्त पनि पर्दछन् । सांसदको टिकटदेखि निर्वाचनसम्म करोडौं खर्च हुने हुँदा भुइँमान्छेले सांसदमा उठ्न र जित्न सम्भव छैन । संसदीय निर्वाचनमा भोट हाल्ने दिनसम्म मात्र मतदाता शासक हुन्छ । त्यसपछि सांसद शासक हुन्छ ।

त्यसैले राजनीतिक आस्थालाई धर्म जस्तो नबनाएर कस्तो आर्थिक प्रणाली अपनाउँदा देशको मुहार फेर्न सकिन्छ भन्ने दृष्टिकोणले हेर्नुपर्छ । एक देशमा सफल भएको आर्थिक प्रणाली अर्को देशमा असफल हुन पनि सक्छ । त्यसैले राजनीतिक सिद्धान्तमा माटो सुहाउँदो मौलिकता पनि आवश्यक पर्दछ ।

पार्टीको चयन पनि यी विविध पक्षको सूक्ष्म अध्ययनका आधारमा गरिनुपर्दछ । त्यसका निमित्त तपाईंलाई तपाईंको समाज, समाजका समस्या र अन्तरविरोध तथा समाधानका उपायको चेतको आवश्यकता पर्दछ । राजनीतिक व्यवस्था आर्थिक व्यवस्थामा आधारित हुन्छ भन्ने कुरा स्वीकार गर्दै मार्क्सले यस आर्थिक व्यवस्थाको अध्ययनमा सबैभन्दा बढी ध्यान दिएका थिए ।

***कस्तो अर्थव्यवस्था ?***

बजार कट्टरपन्थ वा राज्य कट्टर पन्थमा विभक्त नभई आर्थिक व्यवस्थाका विशेषता विशुद्ध अर्थशास्त्रीय आँखाले राखेको छ । विश्वमा तीन प्रकारको राजनीतिक अर्थतन्त्र रहेको छ- पूँजीवादी, समाजवादी र मिश्रित । पूँजीवादी अर्थव्यवस्थाका प्रमुख विशेषताहरू निजी सम्पत्ति, मुनाफाको महत्व, योजनाबद्ध नियन्त्रणको अभाव, सामाजिक वर्गीकरण आदि हुन् । त्यस्तै, समाजवादी अर्थव्यवस्थाको प्रमुख विशेषता सामाजिक स्वामित्व, केन्द्रीय योजना, आर्थिक वितरणमा समानता, सामाजिक कल्याणको उद्देश्य, बेरोजगारी समस्याको समाधान आदि हुन् । मिश्रित अर्थव्यवस्थाका विशेषतामा निजी तथा सार्वजनिक दुवै विद्यमान, आर्थिक योजना, सन्तुलन, सहयोगात्मक, सीमित स्वतन्त्रता आदि रहेका छन् ।

राजनीतिक सिद्धान्तको विभाजनमा जहिले पनि दुइटा शब्द महत्वपूर्ण रहे- स्वतन्त्रता र समानता । व्यक्ति, निजी कुरा, निजी सम्पत्ति महत्वपूर्ण हो, सबै चिज हुन्छ भनेर स्वतन्त्रतालाई महत्व दिने दर्शन पूँजीवाद हो । समानता, सामूहिकता महत्वपूर्ण कुरा हो । सम्पत्तिलाई राष्ट्रियकरण गर्दै जानुपर्छ, धनी र गरीबबीचको खाडल पुर्न सकिन्छ ।

निजी सम्पत्तिलाई अन्त्य गर्न सकिन्छ भन्ने सिद्धान्त साम्यवादी हो । समाजवादले समानताको मूल्यमा स्वतन्त्रता रोज्न सकिन्न, स्वतन्त्रताको मूल्यमा समानता रोज्न सकिन्न भन्छ । साम्यवादले समाजवाद साम्यवादको पूर्वावस्था हो भन्छ ।

समाजवादमा उत्पादनका सम्पूर्ण साधन सामाजिक हुन्छन् । योग्यता अनुसारको काम र काम बमोजिमको दाम । समाजवादी समाजको पूर्ण विकासले साम्यवादको भौतिक आधार तयार गर्दछ र साम्यवादी विकासले साम्यवादी समाजको संक्रमण गर्दछ । सम्पत्तिको व्यक्तिगत स्वामित्व अन्त्य भई सामाजिक स्वामित्व स्थापित भए वर्ग रहँदैन । वर्ग सैर्ष रहँदैन । त्यही स्थिति साम्यवादी हो । साम्यवादी वर्गहीन समाज हो । यसमा उत्पादनका साधन माथि जनताको स्वामित्व हुन्छ । समाजमा प्रत्येक सदस्यसँग समानताको आधारमा व्यवहार हुन्छ ।

यस बारेमा एउटा बिम्ब निकै प्रचलित छ । यदि तपाईंसँग दुईवटा गाई छ भने पूँजीवादले एउटा गाई बेच, साँढे किन र उत्पादन बढाऊ भन्छ । समाजवादले एउटा छिमेकीलाई देऊ, एउटा आफू पाल भन्छ । साम्यवादले दुवै सरकारलाई देऊ, घाँस हाल, चाहिने जति उपयोग गर भन्छ । फाँसीवादमा दुवै सरकारलाई देऊ, प्रतिफल केही पाउँदैनौं, बकबक गरे गोली हानिदिन्छु भन्छ ।

***कस्तो एजेन्डा, कुन दृष्टिकोण ?***

यति छलफल गरिरहँदा हामीले यो पनि बुझ्नु जरूरी छ कि जति सिद्धान्तका गफ फलाके पनि व्यावहारिकतालाई पन्छाउन मिल्दैन । विकासका निम्ति परिस्थिति, धरातल र वातावरणको निर्माण नगरेसम्म केही हुनेवाला छैन । त्यसको लागि हामीले परिवर्तन तथा परिष्कार गर्नुपर्ने ७ बुँदा पेश गरेको छु । जसमा शासकीय स्वरूपमा परिवर्तन, सुदृढ कर्मचारीतन्त्र, राष्ट्रिय एकता, सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध, लगानी प्रवर्धनमुखी नीति, योजना र अनुगमन तथा मूल्यांकन र राजनीतिक स्थायित्व रहेका छन् ।

***शासकीय स्वरूप***

विष रोपेर अमृत फल्दैन भन्छन् । जब प्रणाली खराब हुन्छ, त्यसले बाईप्रोडक्टमा भ्रष्टाचार गर्छ । हाम्रो राजनीतिक प्रणाली एकदमै महँगो छ । खर्चिलो निर्वाचन पद्धतिले राजनीतिलाई व्यापारमा परिणत गर्न खोजेको देखिन्छ । राजनीति सुरु हुन्छ समाजसेवाबाट । त्यसमा आफ्नो खल्तीबाट केही लगानी गर्नुपर्छ, संसदीय प्रणालीमा हुने यही हो ।

सांसदको टिकटदेखि निर्वाचनसम्म करोडौं खर्च हुने हुँदा भुइँमान्छेले सांसदमा उठ्न र जित्न सम्भव छैन । संसदीय निर्वाचनमा भोट हाल्ने दिनसम्म मात्र मतदाता शासक हुन्छ । त्यसपछि सांसद शासक हुन्छ । त्यसैले प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक संसद आजको आवश्यकता हो । सांसदलाई कानून निर्माणमा मात्र लगाएर, विभिन्न विज्ञलाई कार्यपालिकामा जिम्मेवारी दिएमा भ्रष्टाचारको न्यूनीकरण र कार्यपालिकाको गुणस्तरमा एकैसाथ परिवर्तन गर्न सकिन्छ । स्थानीय निकायलाई सक्दो बलियो र पारदर्शी बनाउनु आवश्यक छ ।

***सुदृढ कर्मचारीतन्त्र***

सार्वजनिक कर्मचारीतन्त्रलाई व्यवस्थापनको वृत्त बाहिर हो भनेर ट्रेड युनियन चलाउन दिएको स्वतन्त्रता खारेज गरिनुपर्छ । सार्वजनिक कर्मचारीतन्त्रलाई राजनीतिको विवादमा फसाउनु हुँदैन । राजनीतिक हस्तक्षेपबाट टाढा राखिनुपर्दछ । कर्मचारीतन्त्र थप आधुनिक, प्रविधिमैत्री र कर्मचारीलाई कुशल बनाउन आवश्यक छ ।

***राष्ट्रिय एकता***

हामीकहाँ मूलत: वर्गको निर्माण जात व्यवस्थाले गरेको हो । जाति, लिङ्ग, रङ्गका आधारमा गरिने विभेदको अन्त्य आवश्यक छ । सत्ताको नश्लीय चिन्तनको अन्त्य अत्यन्त जरुरी छ । नागरिकतामा नाम थररहित गरिए देखिँदै आएको एक तहको जातीय विभेद पनि कम हुँदै जान्छ । धोती लगाएको कालो वर्णको व्यक्ति देख्नासाथ आउने नश्लीय सोचको अन्त्य जरुरी छ । नश्लीय राष्ट्रवाद हैन, राष्ट्रिय एकतासहितको देशभक्ति जगाउन सके मात्र राष्ट्रिय विकासमा हातेमालो गर्न सकिन्छ ।

***सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध***

हाम्रो भौगोलिक अवस्था सम्भावना बोकेको तर एकदमै संवेदनशील पनि छ । भू-राजनीतिक अवस्थाले हामीलाई सम्भावना र जोखिम उत्तिकै छ । सामरिक स्थल बन्ने डर पनि छ । अर्कोतर्फ दुई ठूला बजारको बीचमा रहेकोले सम्भावना पनि ठूलै छ । जीडीपीका आधारमा दोस्रो र सातौं, निकट भविष्यमा पहिलो र तेस्रो स्थानमा रहने दौडमा रहेका चीन र भारत जस्ता ठूला बजार हुनु निकै सम्भावनाको कुरा हो । सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्न सके हाम्रा उत्पादनलाई बजारीकरण गर्न समस्या पर्ने छैन ।

***लगानी प्रवर्द्धनमुखी अर्थनीति***

विकासको प्रमुख शर्त लगानी र उत्पादन तथा व्यवस्थापन हो । लगानीको प्रवर्द्धनबाटै देशको आर्थिक स्तर बढाउन सकिन्छ । तर हाम्रो अर्थतन्त्र विप्रेषणमा आधारित छ, आर्थिक वृद्धिको आन्तरिक आधार तयार भएको छैन, व्यापार आयातमा निर्भर छ । उपयोगी प्रवृत्ति कायमै छ । वर्तमान अवस्थामा देशमा पूँजीको कमी रहेको हुँदा निम्न तीनखुट्टे रणनीति बनाई अघि बढ्नु उपयुक्त हुनेछ:

- समृद्धिका लागि वैदेशिक लगानी,
- संरक्षणका लागि योगदानमा आधारित अर्थव्यवस्था र
- सबलीकरणका लागि उत्पादन र उत्पादकत्वमुखी कार्यक्रम ।

***योजना र अनुगमन तथा मूल्यांकन***

बढ्दो बेरोजगारी घटाउन सुरुमा श्रममूलक क्षेत्र जस्तै कृषिमा बृहत् अध्ययन र मूल्यांकन सहितको योजना निर्माण, अनुगमन र मूल्यांकन आवश्यक छ । औद्योगिक क्षेत्र संकुचित हुँदैछ । कृषि क्षेत्रमा मौसमको निर्भरता तथा भारतीय बजारप्रतिको प्रभाव कायमै छ । वित्तीय क्षेत्रको आय र उत्पादनशीलतामा ह्रास आएको छ । पर्यटकीय क्षेत्रमा पर्यटक संख्या बढे पनि प्रतिव्यक्ति र समग्रमा आय घटेको छ । विप्रेषणबाट आएको रकम उत्पादनशील क्षेत्रमा प्रवाहित हुन सकेको छैन । राजस्व क्षेत्रमा चुहावट नियन्त्रण र परिचालन आवश्यक छ ।

सामाजिक सेवाको क्षेत्रमा पहुँच बढे पनि प्रभावकारिताको दृष्टिले अवस्थामा खासै सुधार आएको छैन । शिक्षामा दोहोरो मापदण्ड कायमै छ । शिक्षा र स्वास्थ्यमा राज्यको पकड गुम्दैछ । शिक्षा रोजगारमूलक भन्दा अनुत्पादक र बेरोजगारमूलक छ । नेपालको प्राकृतिक सम्पदाको नीतिगत अस्थिरता र व्यवस्थापन पक्ष भताभुङ्ग छ । सबै क्षेत्र भ्रष्टाचारको थलो बनेको छ ।

सरकारी कार्यक्रममा नीतिगत अस्थिरता, दण्डहीनताको स्थिति, वस्तु तथा सेवाको आपूर्ति व्यवस्था लथालिङ्ग र सेवाको गुणस्तर खस्कँदो छ । विकास कार्यको प्रगतिको समीक्षा गर्ने वैज्ञानिक परिपाटीको अभाव छ । कार्यक्रमको प्रगति तथा उपलब्धिलाई त्यसको प्रभाव तथा भौतिक उपलब्धिभन्दा खर्च र अन्य कागजी प्रक्रियालाई नै प्रगतिको रूपमा देखाउने प्रवृत्ति हावी छ । आय तथा खर्च प्रक्षेपण कार्य वैज्ञानिक तथा वस्तुगत तथ्यका आधारमा नभई परम्परागत शैलीमा हुने गरेको छ । राष्ट्रिय योजना आयोगलाई थप वैज्ञानिक र व्यावहारिक गराउनु आवश्यक छ ।

फेरि पनि यी सबै कुराको फ्रेमवर्कको लागि राजनीति नै आवश्यक पर्दछ । राजनीति गर्ने मानिस दुई प्रकारका हुन्छन् । पहिलो हुन्छ, एउटा कुनै सपना, विद्वत्ता, कुनै परिकल्पना, भिजन लिएर समाजमा यसो गर्छु, समाजलाई यसरी अघि बढाएर जान्छु भन्छ । तिनीहरू आफ्नो परिकल्पनाका लागि कुनै पनि दु:ख खप्न तयार हुन्छन् । जेल जान्छन्, परे फाँसी चढ्छन् । घरपरिवारको कुनै पर्वाह नगरी पार्टी कार्यालय दौडिन्छन् ।

अर्को हुन्छ, जसको लागि कुनै सपना कल्पना हुँदैन । उसको सपना राजनीति गर्नका लागि राजनीति गर्ने हुन्छ । उसका लागि राजनीति खाने बाटो हुन्छ, कमाउने बाटो हुन्छ, घर बनाउने बाटो हुन्छ । पजेरो जोड्ने बाटो हुन्छ ।

यो अन्तर युवापिढीले बुझ्नुपर्छ र पहिलो किसिमको राजनीतिक कार्यकर्ता, लेखक, कर्मचारी, डाक्टर, इन्जिनियर, पत्रकार, मतदाता बन्नुपर्छ । तब मात्र देशको समस्या हल हुन्छ ।

*लेखक टेलिभिजन कार्यक्रम निर्माता, प्रस्तोता तथा युवा अभियन्ता हुन् ।*

*-साभार: रातोपाटी*

# मिलन टिजर: कुशल र सलोनको प्रेममा शिल्पा



काठमाडौं/अगामी तिहारको अवसर पारेर कात्तिक १८ बाट सार्वजनिक प्रदर्शनमा आउन लागेको फिल्म 'मिलन' को टिजर सार्वजनिक भएको छ ।

१ मिनेट २८ सेकेन्डको टिजरमा प्रेम र विछोडका दृष्यले प्रथामिकता पाएको छ । टिजरमा अभिनेताद्धय कुशल शाह ठकुरी, सलोन बस्नेत र अभिनेत्री शिल्पा थापाबीचको प्रेम देख्न सकिन्छ ।

टेक पौरखी राई निर्देशित फिल्म त्रिकोणात्मक प्रेमकथामा निर्माण भएको हो । अभिनेता कुशल र अभिनेत्री शिल्पाले यसै फिल्मबाट डेब्यु गरेका हुन् ।

फिल्ममा कुशल, सलोन र शिल्पासँगै शिशिर बांग्देल, सुमिन गुरुङ, जानुका पौडेल, रेजिना मगर, डेनियल खड्का, करन थापा मगर लगायतका कलाकारको अभिनय छ ।

कविराज गहतराजको कोरियोग्राफी, कुमार महर्जनको द्वन्द्व रहेको फिल्म काठमाडौं र कालिन्चोकमा छायांकन भएको हो । प्रविन थापा निर्माता रहेको फिल्ममा राहुल राईको छायांकन र तारा थापा किम्बे सम्पादन छ ।

-साभार: रातोपाटी

# महानगरले चलायो आफ्नै भवनमा डोजर



कास्की, २३ भदौ (रासस)/ पोखरा महानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका दुईवटा भवनमा डोजर चलाएको छ ।

पोखरा-९ महेन्द्रपुलस्थित महानगरका भवन भत्काउन बिहीबार डोजर चलाइएको हो । महानगर प्रमुख धनराज आचार्य, वडानं ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानी सहित नगर प्रहरीसहितको टोलीले भवनका सटर भत्काउन सुरु गरेको हो ।

महेन्द्रपुलबाट रानीपौवा जाने सडकको वारिपारि रहेका सार्वजनिक पुस्तकालय र आर्ट ग्यालरी रहेका दुई तलाका भवन भत्काएर सार्वजनिक उद्यान बनाउने महानगरको योजना छ । महानगरले दिउँसो ट्राफिक जाम हुने भएकाले रातको समयमा भवन भत्काएर खाली गर्ने काम जारी रहने जनाएको छ ।

महानगरका यी दुई दुई भवन ४० वर्षअघि निर्माण गरिएका हुन् । भवनका तला-तलामा ३० सटर महानगरले भाडामा लगाए पनि नियमित भाडा नउठेको र बिचौलियाले फाइदा लिएको महानगरले जनाएको छ । भाडामा लगाइएका सटरलाई हट्न महानगरले सात दिनको दुईपटक र पुन: ३५ दिने सूचना दिएर आग्रह गरेको थियो । सूचनाको म्याद सकिएको भोलिपल्ट डोजर चलाउन सुरु गरिएको हो ।

वडाध्यक्ष मर्सानीले भवनमा व्यापार व्यवसाय गर्दै आएका व्यापारी र अन्य प्रयोजनका लागि बसेका सबैलाई त्यहाँबाट हट्न सार्वजनिक सूचना जारी प्रक्रिया पूरा गरेर भत्काउन सुरु गरिएको बताए । महानगरले भवन हटाएपछि भवनले चर्चेको जमिनमा सार्वजनिक पार्क र सार्वजनिक शौचालय निर्माण गर्ने योजना रहेको उनले सुनाए ।

उनले भने, "भवन हटाएपछि यसले चर्चेको जमिनमा पोखराको सौन्दर्य वृद्धि गर्ने गरी पार्क र सार्वजनिक शौचालय निर्माण गर्नेछौं ।"

महानगरले पुस्तकालय र ग्यालरीका लागि भने पृथ्वीचोकस्थित साविकको ट्राफिक भवन भएको स्थलमा बन्ने भवनमा ठाउँ व्यवस्था गरिने जनाएको छ । पृथ्वीचोकमा भवनका लागि दुई करोड लागत अनुमान गरिएको छ । सो भवन दुई रोपनी जमिनमा बन्नेछ ।

पोखरा महानगरपालिकाले पछिल्ला केही दिनयता सार्वजनिक जमिनमा निर्माण गरिएको संरचना हटाउन सुरु गरेको छ । वडा कार्यालयले सूचना जारी गरी आ-आफ्नो क्षेत्रभित्र सार्वजनिक जमिन अतिक्रमण गरी बनाइएको संरचना भत्काएका हुन् ।

पोखरा-२५ हेमजाले राष्ट्रिय गौरवको मध्यपहाडी राजमार्गमा सार्वजनिक जमिन अतिक्रमण गरी सडक मापदण्डभित्रका संरचना हटाउन सुरु गरेको सो वडाका वडाध्यक्ष एवं महानगरका प्रवक्ता मोतीराज तिमिल्सिनाले बताए ।

# सन्तोष पन्तको फिल्म 'हिजो आजका कुरा'को ट्रेलर सार्वजनिक



अभिनेता सन्तोष पन्तका छोरा साकार पन्तको डेब्यू निर्देशित फिल्म 'हिजो आजका कुरा'को ट्रेलर सार्वजनिक भएको छ ।

बुधबार काठमाडौंमा एक कार्यक्रम आयोजना गर्दै फिल्मको ट्रेलर सार्वजनिक गरिएको हो । सार्वजनिक ट्रेलरमा अमेरिकामा बस्नेको संघर्ष र छोराछोरी घरमा नभएका आमाबाबुको संघर्षको कथालाई देखाइएको छ ।

पन्त फिल्म प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा सन्तोष पन्त, रमा थपलिया, ऋचा शर्मा, केकी अधिकारी, रिमा विश्वकर्मा, दिव्यदेव पन्त, साकार पन्त, जयनन्दन लामा, रमेश अधिकारी, जेविका कार्की, विनायक कुइकेल, अनुष्का अधिकारी, निजनप्रसाद अर्याल, लक्ष्मी भुषाल, सविन शाक्य, मन्जु श्रेष्ठ, कमला रेग्मीलगायत कलाकारको अभिनय छ । रवि सयामीले छायांकन गरेको फिल्मलाई विनय कंसकारले सम्पादन गरेका हुन् । यो फिल्म असोज २८ गतेदेखि प्रदर्शन हुँदैछ । - *साभार:सेतोपाटी*

# नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता एनआरएन विजयी

काठमाडौं, २३ भदौ (रासस)/ नवौं राष्ट्रिय खेदकुद प्रतियोगिताअन्तर्गत राजधानीमा बिहीबारदेखि सुरु भएको पुरुष क्रिकेट खेलमा एनआरएन एकेडेमीले सुदूरपश्चिम प्रदेशलाई पराजित गर्दै विजयी भएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा एनआरएनले सुदूरपश्चिमलाई १२ रनले पराजित गर्दै विजयी हात पारेको हो । खेलमा पहिला ब्याटिङ गरेको एनआरएनले सुदूरपश्चिम प्रदेशलाई ७५ रनको लक्ष्य दिएको थियो । जवाफमा सुदूरपश्चिमञ्चल छ ओभरमा छ विकेट गुमाउदै ६२ रनमा समेटियो ।

वर्षाका कारण खेल मैदान भिजेपछि निर्धारित समयभन्दा ढिला शुरु भएको खेललाई छ ओभरमा घटाइएको थियो ।

सुदूरपश्चिमका लागि खडक बोहोराले सर्वाधिक १२ रनको योगदान दिए भने कप्तान राजु रिजालले ११ रन जोडे । त्यसैगरी बसन्त खत्री १० रनमा आउट हुदाँ शेर मल्लले आठ रन बनाए । लोकेन्द्र चन्दले सात, बसन्त कार्की र नारायण जोशीले समान ४/४ रन बनाए ।

बलिङतर्फ एनआर एनका आशिष पोखरेल र दिपक क्षेत्रीले समान ३/३ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको एनआरएनका लागि सागर पुनले सर्वाधिक ४६ रनको योगदान दिए भने कप्तान सुमन गौतमले २५ रनको योगदान दिए ।

बलिङमा सुदूरपश्चिमका हेमन्त धामी र शेर मल्ले समान २/२ विकेट लिए । नवौ राष्ट्रिय खेलकुद प्रतियोगिताअर्न्गत पुरुष क्रिकेटमा सात प्रदेश, तीन विभागिय टोली र एनआरएन गरी ११ टोलीको सहभागिता रहेको छ ।

# आराम नचाहने ३५ सन्तानकी आमा




मेलम्ची, २३ भदौ (रासस)/ एकै आमाको ३५ सन्तान भन्ने सुन्दा अनौठो लाग्न सक्छ तर यो यथार्त इन्द्रावती गाउँपालिका-५ स्थित मदर सिस्टर नेपाल बालगृहमा ३४ बालबालिकालाई एक्लै स्याहार्ने आमा मीनामैयाँ थापा हुन् । उनले एक छोरीसहित ३५ बालबालिकालाई एक्लै संरक्षण गर्दै आएको छ ।

विसं २०७२ को भूकम्पपछि बालगृहको सुरुआत भएको हो । भूकम्पमा परी ज्यान गुमाउने अभिभावकका बालबालिकाबाट बालगृह सुरुआत गरिएको थियो । अमेरिका बस्ने आफ्नो दिदीले बनाइदिएको जस्ताको टहरोबाट बालगृह स्थापना गरिएको हो । "पछाडि फर्केर हेर्ने हो भने धेरै दु:खका दिन पनि पार गरेँ । त्यो कुरालाई लिएर म कहिल्यै दु:खी बनिन । चामल किनेर खुवाउन पनि गाह्रो हुने अवस्था थियो तर जति दु:ख भए पनि बालबालिकालाई कहिल्यै त्यो दु:ख महसुस गर्न दिइन । उधारोमा होस् या ऋण गरेर मैले उनीहरूलाई सधैँ खुसी राख्ने कोसिस गरेँ", मीनामैयाँले भने ।

बालबालिकालाई संरक्षण दिएर राख्नु जोखिमपूर्ण काम भए पनि आत्मादेखि चाहेको काम भएकाले निरन्तरता दिइएको उनले बताए । सुरुआती चरणमा परिवारको समेत साथ नपाउँदा पनि मीनामैयाँलाई बालबालिकाको मायाँले छाड्नै दिएन । आफ्नो छोरी सानै हुँदा पनि उनले यस कामलाई निरन्तरता दिइरह्यो । कालान्तरमा घर र माइती दुवै पक्षले साथ दिन थाल्नाका साथै समुदायका मानिसले पनि सहयोग गरेकाले आफूमा थप हौसला बढेको मीनामैयाँले बताए ।

"चौँतीस जना मात्र होइन यहाँबाट एसइई पास गरेर पाँच/सात बालबालिका गइसकेका छन् । कतिपय काम गरेर आफैँ कमाउँदै पढ्न सक्ने पनि भइसकेका छन् । आफ्नो खुट्टामा उभिन सक्ने भइसकेका छन्", उनले भने । विशेष गरी लामो बिदा हुने समयमा मीनालाई बालबालिका सम्हाल्न गाह्रो हुन्छ । फरक जात, फरक भाषा र फरक भूगोलका बालबालिकालाई एकै घरमा मिलाएर राख्नु चुनौती नै रहेको मीनाले बताए । उनले बालबालिकाको संरक्षण र शिक्षासँगै व्यावहारिक ज्ञान पनि दिनुभएको छ । बालबालिकाको इच्छाअनुसार कम्प्युटर चलाउने, तरकारी रोप्ने र पशुपालनमा पनि मीनाले बालबालिकालाई सँगै लैजाने गर्नुभएको छ । ठूला बालबालिका सबै काममा पोख्त भइसकेका छन् । उनीहरूले दैनिक जीवनमा आइपर्ने सबै काम गर्नसक्ने भइसकेका छन् । चौध वर्षीय सुजन तामाङ हाल कक्षा ८ मा अध्ययनरत छन् । उनले पनि दैनिक काम अब आफैँ गर्नसक्ने बताए । तरकारी लगाउने गोडमेल गर्ने, मोटरसाइकल चलाउन सिक्नेलगायत काम आफैँले गर्ने गरेको उनको भनाइ थियो ।

"नजिकै रहेको विद्यालयमा पनि कृषि पढाइ हुने भएकाले व्यावहारिक ज्ञान लीन पनि खेतबारीमा जान्छन् । त्यसले उनीहरूले शैक्षिक ज्ञानसँगै व्यावहारिक ज्ञान पनि सिक्न पाएका छन्", मीनामैयाँ भने । सबैको प्यारी आमा मीनाले गरेको कामलाई पछिल्लो समय धेरैले विश्वास गर्न थालेका छन् । सहयोगी हात बढेकाले पनि अब भने पहिलाको जस्तो व्यवस्थापनमा समस्या नहुने उनको भनाइ थियो । आफ्नो आत्मसन्तृष्टिका लागि सुरु गरिएको कामले सार्थकता पाएको र सबैलाई आफ्नो खुट्टामा उभिएर समाजका लागि केही गर्नसक्ने बनाउनु नै आफ्नो लक्ष्य रहेको मीनाले बताए । पहिला जिल्ला बालकल्याण समितिको पहलमा बालबालिका आउने गरेका थिए । समितिले सिफारिससहित बालबालिका पठाउने गरेको थियो । पछिल्लो समय जनप्रतिनिधिको सहकार्यमा बालबालिका आउने गरेका छन् । अझै पनि धेरै बालबालिका राखीदिन अनुरोध आइरहेको भए पनि सबैलाई राख्न भने ठाउँ अभावका कारण समस्या भएको छ । बालबालिका राख्नको लागी भइरहेका भौतिक संरचनामा अहिले रहेका बालबालिका मात्र अट्ने उनले बताए ।

ठाउँ अभावकै कारण धेरै बालबालिका राख्न नसकिएको र व्यवस्थापकीय पाटो बलियो बनाउन सकेमा थप बालबालिकालाई जोड्न सक्ने मीनाको भनाइ थियो । आफ्नो बुबाले दिएको खेत बेचेर केही संघसंस्थाले गरेको सहयोगमा निर्मित घरमा अहिले रहेका बालबालिकाको लागि मात्र पर्याप्त छ । ठूला कक्षामा पढ्ने बालबालिकाले कम्प्युटर चलाउन सक्ने भइसकेका छन् भने कोही मोटरसाइकल चलाउन त कोही खेतीबारीको काममा पोख्त भइसकेका छन् । कक्षा १० मा पढ्ने राधिका कुँवर १५ वर्षकी छिन् । हाल दैनिक जीवनका सबै काम आफैँ गर्न सकेकामा उनी गर्व गर्छिन् । बालगृहमा आएपछि आमाले सबै काम सिकाएको उनले बताइन् । बिहान उठेदेखि राति अबेरसम्म नै काममा व्यस्त हुने मीनालाई कहिल्यै फुर्सद नै हुँदैन । बिहान उठेर बालबालिकालाई चिया नास्ता खान दिने, खाना खुवाएर विद्यालय पठाउने, त्यसपछि खेतीबारीको काम, साँझ फेरि खाना बनाउने चटारो त छँदैछ त्यसका साथै व्यवस्थापकीय काम पनि आफैँले सम्हाल्नु परेकाले फुर्सद नमिलेको हो । अनि मीना पनि फुर्सद नै चाहानुहुन्न । केही फुर्सद निस्क्यो की केही नयाँ काम गरिहाल्ने उनको बानी छ ।

"चाडबाडमा आफन्त लिन आउँछन् तर बालबालिका जानै मान्दैनन् । केही गरी गइहाले पनि धेरै समय बस्नै मान्दैनन्, त्यसैले पनि ममा ऊर्जा थपेको छ", उनले भने, । बालबालिकाले पनि आफ्नै घर आफ्नै आमा मानेकाले पनि मीनालाई मायाँले बाँधेको छ ।

सबै बालबालिका आफ्नै सन्तान भएकाले माया ममतासँगै जिम्मेवारी थपिएको उनको भनाइ थियो । चौँतीस बालबालिकालाई हेरचाह गर्न आफैँलाई गाह्रो भइरहेकाले काम गर्ने सहयोगी राख्न पाए सहज हुने मीनाले बताए । आएको सबै सहयोगले काम गर्ने सहयोगीलाई सेवा सुविधा दिन पर्याप्त नभएकाले सहयोगी हात बढ्दै गएमा काम गर्नका लागि सहयोगी थप्न सकिने जानकारी गराउँदै उनले थप संरचना निर्माण गर्न पाए थपिने बालबालिकालाई पनि राख्न सकिने बताए ।

# आयात नरोकिए चरणबद्ध आन्दोलन गर्ने केरा किसानको चेतावनी

चितवन, २३ भदौ (रासस)/ जिल्लाका केरा उत्पादक कृषकले भारतीय केराको आयात नरोकिए आन्दोलन गर्ने चेतावनी दिएका छन् । नेपाल केरा उत्पादक संघ चितवन शाखाले विज्ञप्ति जारी गर्दै भदौ २९ गतेसम्ममा भारतीय केरा आयात नरोकिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिएको हो ।

संघका अध्यक्ष माधवप्रसाद घिमिरेद्वारा जारी विज्ञप्तिमा केरामा आत्मनिर्भर बन्न लागेका कृषकलाई भारतीय केराको आयातले निरास बनाएको जनाइएको छ ।

जिल्लामा ७० हजार मेट्रिक टन वार्षिक केरा उत्पादन हुँदै आएको संघले जनाएको छ । भारतीय केराको आयात नरोकिए जिल्लाका केरा व्यवसायी चरणबद्ध आन्दोलन गर्ने संघले जनाएको हो । सरकारले केरा आयात गर्दा एलसी खोलेर मात्र ल्याउन पाउने नियम बनाएको भए पनि विभिन्न नाकाबाट बिना एलसी भारतीय केराहरू अवैधरूपमा नेपाल भित्रिने गरेको पाइएको अध्यक्ष घिमिरेले जानकारी दिए । विज्ञप्तिमा भनिएको छ, "यो समस्या समाधान हुन नसके व्यवसायिकतातर्फ उन्मुख कृषक पलायन हुने अवस्थामा पुग्ने छन् ।"

चाडपर्वको समयमा नेपालको उत्पादनले बजार मूल्य नपाउनाले यहाँका कृषक अप्ठ्यारोमा परेको कृषकहरूले बताएका छन् । नेपाल केरा उत्पादक महासङ्घका अध्यक्ष विष्णुहरि पन्तले भारतीय आयात रोक्न नसके जिल्लाको उत्पादन त्यसै फाल्नुपर्ने बताए । नेपालमा छठपर्वसम्मलाई पुग्ने केरा उत्पादन भएको भन्दै उनले देशभरबाट भारतीय केरा आयात विरुद्धमा आन्दोलनको तयारी भएको बताए ।

नेपालमा उत्पादित केराले बजार नपाउने अवस्थामा कृषक आन्दोलित बन्नुपरेको महासंघले जनाएको छ । नेपालको उत्पादनको २० प्रतिशत केरा चितवनले ओगट्ने गरेको छ ।

# झण्डै पचास प्रतिशत फर्निचर आयात

काठमाडौँ, २३ भदौ (रासस)/ काठमाडौँको भृकुटीमण्डपमा बिहीदेखि आठौँ संस्करणको फर्निचर तथा फर्निसिङ मेला २०२२ सुरु भएको छ । नेपाल फर्निचर तथा फर्निसिङ संघको आयोजनामा बिहीबारदेखि यही भदौ २७ गतेसम्म चल्ने एक्स्पोको बिहीबार बागमती प्रदेशका उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री मिलनबाबु श्रेष्ठले उद्घाटन गरेको थियो ।

मेलामा भारत, बङ्गलादेश, पाकिस्तानलगायतका मुलुकका फर्निचर उत्पादक कम्पनीको सहभागिता छ । जेन्सा कार्पेट, हलेसी डेकोर र भिवोन चेयर र युनाइटेड फर्म एण्ड म्योट्रेसले प्रदर्शनीको प्रायोजन गरेका छन् । किचन, बेडरूम, बाथरूमका साथै आउटडोर, इन्टेरियर डिजाइनर, कार्पेट, मार्बललगायतका सामग्री मेलामा रहेको संघका अध्यक्ष शुभेन्द्र जोशीले जानकारी दिए ।

नेपालमा रु ६० अर्ब बराबरको फर्निचरजन्य सामग्रीको वार्षिक कारोबार हुने गरेकामा त्यसको झण्डै ५० प्रतिशत हिस्सा आयातित फर्निचर रहेको बताइन्छ । प्रदर्शनीको व्यवस्थापन इभेन्ट सोलुशन प्रालिले गरेको छ । प्रदर्शनीलाई नेपाल चेम्बर अफ कमर्स, नेपाल फर्निचर तथा फर्निसिङ व्यवसायी महासंघले प्रवर्द्धन गरेका छन् भने नेपाल हस्तकला महासंघ, आइडिया नेपाल र स्पेस म्यागेजिनको विभिन्न सहयोग रहेको छ ।

# बिनाटिकट पर्यटकलाई बौद्ध क्षेत्र प्रवेश गराए कारबाही

काठमाडौँ, २३ भदौ (रासस)/ विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ क्षेत्र आउने पर्यटकलाई बिनाटिकट प्रवेश गराउने पथप्रदर्शक र होटल व्यवसायीलाई कारबाहीको दायरामा ल्याइने भएको छ ।

पथप्रदर्शक र होटल व्यवसायीको मिलेमतोमा बिनाटिकट पर्यटक छिराएको तथ्य फेला परेपछि बौद्धनाथ क्षेत्र विकास समितिले कारबाहीको दायरामा ल्याउन लागेको हो । कारबाहीका लागि पहिलो चरणमा चुच्चेपाटीबाट जोरपाटी क्षेत्रमा रहेका होटलको सूची तयार पार्न थालिएको समितिका कार्यकारी निर्देशक नयनकुमार लामाले जानकारी दिए ।

समितिको टिकट काउन्टर बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म खुल्ने गरेको छ । होटलमा आउने पर्यटक ५ बजे आएर राति बस्ने बिहान बौद्धनाथ क्षेत्रमा छिर्दा टिकट नलिने गरेको पाइएको समितिले जनाएको छ । होटल व्यवसायी, पथप्रदर्शक र टिकट काउन्टरमा खटिने कर्मचारीको मिलेमतोमा समेत टिकट नलिएका पर्यटकलाई बौद्धनाथ क्षेत्रमा प्रवेश गराउने गरिएको छ ।

होटल, पथप्रदर्शक र टिकट काउन्टरका कर्मचारीको निगरानी गरी सुरक्षाकर्मीले जाँच गरेका बेला पर्यटकसँग टिकट माग्दा नपाएमा पथप्रदर्शक र पर्यटक बस्ने होटललाई कारबाहीको दायरामा ल्याउनका लागि पहिलो चरणमा होटल व्यवसयायीसँग समितिले छलफलसमेत गरेको छ ।

समितिले सार्क मुलुकका पर्यटकसँग रु एक सय र सार्क बाहिरका पर्यटकसँग चार सय शुल्क लिने गरेको छ । बौद्ध क्षेत्रमा मासिक हजारौँ पर्यटक अवलोकनका लागि आउने गरेका छन् ।

# बस्ती नै बग्ने गरी पहिरो



बलेवा, २३ भदौ (रासस)/ कतै सडक खन्दाको समस्याले जमिन खस्छ, पहिरो जाने धेरै घटना छन् तर, बागलुङको रायडाँडामा भने अनौठो तरिकारले बस्ती नै बग्न थालेको छ ।

बागलुङ नगरपालिका-११ को तल्लो रामतोलामा पहिरो बगेर दर्जनौँ घर परिवार विस्थापित भएका छन् । केही दिनदेखि जमिनमा चिरा परेको र मंगलबारको अविरल वर्षापछि जमिन बग्न थालेको हो । जमिन बग्दा सडक, जंगल, ठूला पिपलका रुख, सुन्तलाको बगान, कुखुरा पालन फार्म र कतिपय घरमा चिरा परेका छन् भने केही घर र गोठ भत्केका छन् ।

"घर कटेरो भत्केपछि सबै छाडेर हिँड्नुपरेको छ", स्थानीय ढालनाथ शर्माले भने, "छिमेकीका घरपनि चिरा परेका छन्, जुनसुकै बेला खस्छन् ।" केही दिनदेखि जमिन चर्केकामा बुधवार बिहान बढी पहिरो खसेको वडाध्यक्ष ज्ञानेन्द्र गौतमले बताए । यो बस्तीका बिजुलीका खम्बा ढलेपछि झण्डै एक सय घरमा बिजुली अभाव भएको उनले बताए । खानेपानीको ट्याङ्कीसमेत बगेपछि स्थानीय चिन्तामा छन् ।

पहिराले बिजुलीका खम्बा ढल्दा ती घरमा विद्युत् अवरुद्ध भएको गौतमले जानकारी दिए । उक्त पहिराले स्थानीय कुलराज शर्मासहित दर्जन बढी घरपरिवार विस्थापित भइसकेका छन् । केही घरपरिवार सुरक्षित ठाउँको खोजीमा रहेको स्थानीय विष्णु पौडेलले जानकारी दिए । जमिन चिरा परेको स्थान हेर्दा थप सयौँ रोपनी जमिन, घर तथा सडक बग्ने अवस्थामा रहेको देखिएको उनले बताए । पहिरोले यहाँको तमाखुवारी भन्ने अर्को बस्तीमा पनि जोखिम बढेको हो ।

"यो संकेत हेर्दा यहाँको बस्ती नै जोखिम भयो, अब धेरै घर विस्थापित हुने भए", पौडेलले भने, "कतै रोकथाम गर्ने अवस्था नै छैन ।" हरेक बारीका पाटामा कुखुराले खोस्रेझैं खाल्डा पर्ने र चिरा पर्दै बग्ने गरेको उनले बताए । बगेको पहिराले जैमिनी नगरपालिका-१ को ओडार भन्ने स्थानमा पनि जोखिम बढेको छ । केही स्थानमा क्षति भइसकेको छ ।

# भलिबल संघको अध्यक्षमा चन्द निर्वाचित

काठमाडौँ, २३ भदौ (रासस)/ नेपाल भलिबल संघको अध्यक्षमा जितेन्द्रबहादुर चन्द निर्वाचित भएको छ । प्रतिस्पर्धी निरोज मास्केलाई २६ मतअन्तरले पराजित गर्दै चन्द संघको नयाँ अध्यक्षमा चार वर्षका लागि निर्वाचित भएको हो ।

बिहीबार बिहान सार्वजनिक भएको निर्वाचनको नतिजाअनुसार अध्यक्षमा निर्वाचित चन्दले ७६ मत तथा मास्केले ५० मत प्राप्त गरे । नवनिर्वाचित अध्यक्ष चन्द यसअघि संघको महासचिव हुन् । यसैगरी महासचिवमा अध्यक्ष चन्दकै प्यानलबाट रोशन श्रेष्ठ निर्वाचित भयो । उनले ८५ तथा प्रतिस्पर्धी मनवीर छन्त्यालले ३९ मत प्राप्त गरे ।

यस्तै कोषाध्यक्षमा चन्द प्यानलकै श्याम श्रेष्ठ निर्वाचित भयो । उनले ७८ तथा प्रतिस्पर्धी रीता कोइरालाले ४६ मत प्राप्त गरे । संघको बागमती प्रदेशबाट उपाध्यक्षमा गौतम लाछिवा ६४ मत प्राप्त गर्दै निर्वाचित भयो । उनको प्रतिस्पर्धि ज्योती केसीले ५९ मत प्राप्त गरे । संघको नयाँ नेतृत्वसहित सात उपाध्यक्ष, महासचिव, सात सचिव, कोषाध्यक्ष र ११ कार्यसमिति सदस्यका लागि निर्वाचन भएको थियो । संघमा दुई उपाध्यक्ष र १० सदस्य मनोनयनबाट आउने व्यवस्था छ ।

मतदान अघिनै छ उपाध्यक्ष निर्विरोध निर्वाचित भएको थियो । उपाध्यक्षमा गण्डकी प्रदेशबाट याम गुरुङ, मधेस प्रदेशबाट उपेन्द्र यादव, सुदूरपश्चिम प्रदेशबाट हरकसिंह धामी, कर्णाली प्रदेशबाट भरतबहादुर शाह, प्रदेश १ बाट मदन खड्का र लुम्बिनी प्रदेशबाट भीम ओली निर्विरोध निर्वाचित भयो ।

सचिवमा प्रदेश १ बाट विनोद श्रेष्ठ, लुम्बिनी प्रदेशबाट झकबहादुर मिदेन, कर्णालीबाट सोमबहादुर श्रेष्ठ, मधेसबाट मोहम्मद फिरोज, गण्डकीबाट श्रीधर शर्मा, सुदूरपश्चिमबाट गणेशसिंह ठगुन्ना र बागमती प्रदेशबाट सुनकेशरी माली निर्विरोध निर्वाचित भयो । निर्वाचनमा एक सय २६ मतदाताले मतदान गरेको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# आन्दोलनको चेतावनीसहित मकवानपुरगढीलाई राप्रपाको ज्ञापन

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ विभिन्न माग राख्दै राप्रपा मकवानपुरले मकवानपुरगढी गाउँपालिकालाई ज्ञापनपत्र बुझाएको छ ।

मकवानपुरगढी गाउँपालिकामा हाल भैरहेका गतिविधिहरुमा भ्रष्टाचारको गन्ध आउन थालेको भन्दै राप्रपाले मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानलाई ज्ञापनपत्र बुझाएको हो । राप्रपाले आफ्नो माग पूरा नभए आन्दोलनको चेतावनीसमेत दिएको छ । राजस्व चुहावट भैरहेको, राजस्व बुझाउनसमेत सेवाग्राहीलाई झन्झट र सास्ती रहेको पार्टीले ठहर गरेको छ ।



राप्रपाले गाउँपालिकामा आवश्यक ईन्जिनियर, वकिललगायत कर्मचारी अभाव हुँदा राजस्वमा घाटाको साथै सेवाग्राहीले दु:ख पाएकोमा समेत ध्यानाकर्षण गराएको छ । राप्रपा मकवानपुर गढीगाउँपालिका अध्यक्ष जयराम तिमल्सिनाले कृषि फार्महरुमा राजस्व छुट हुनुपर्ने, पालिकामा कक्षा १२ सम्म नि:शुल्क शिक्षा हुनपर्ने, खनिज र खानिजन्य पदार्थमा २५% गढी गाउँपालिकाले जनताको विकासमा रोयल्टी लिनुपर्ने, जोखिम व्यवस्थापनको समिति राप्रपासमेतको सहभागिता हुनुपर्ने मागहरुसहित ज्ञापनपत्र बुझाएको जानकारी दिए । कार्यक्रममा जिल्ला उपाध्यक्ष अर्जुनप्रसाद गौतम, जिल्ला सह-कोषाध्यक्ष सन्दिपकुमार सापकोटा, विद्यार्थी संगठन अध्यक्ष प्रकाश चौलागाईं, युवक संगठन अध्यक्ष नवराज न्यौपानेलगायत अगुवा नेताहरुको उपस्थिति थियो ।

# रोटर्याक्टको पीएस मिटको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ भदौ २५ गते हेटौंडामा हुने रोटर्याक्टहरुको अध्यक्ष-सचिव भेला (पीएस मिट)को तयारी पूरा भएको छ ।

रोटर्याक्ट डिष्ट्रिक्ट ३२९२ को आयोजना तथा रोटर्याक्ट क्लब अफ हेटौंडा र रोटर्याक्ट क्लब अफ मकवानपुरको संयोजनमा हेटौंडामा हुन लागेको पीएस मिटको तयारी पूरा भएको हो । विहीबार रोटर्याक्ट क्लब अफ हेटौंडा र मकवानपुरले पत्रकार सम्मेलन गरी भेलाको तयारी पूरा भएको जानकारी दिएको हो ।

रोटर्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष प्रदीपकुमार राईले कार्यक्रमले हेटौंडा र हेटौंडामा रहेका पर्यटकीय गन्तव्यहरुलाई देशैभरि पहिचान मिल्ने विश्वास लिएको बताए । कार्यक्रममा रोटर्याक्ट क्लब अफ बुटवल साउथ, रोटर्याक्ट क्लब अफ युनाइटेड वीरगञ्ज र रोटर्याक्ट क्लब अफ बर्दिबासले सह-संयोजन गरेको छ । कार्यक्रमलाई महेन्द्र प्युरिफायरले मुख्य प्रायोजन गरेको रोटर्याक्ट क्लब अफ हेटौंडाका अध्यक्ष मिलन ढकालले जानकारी दिए । त्यसैगरी, सागर डिष्टिलरी, युनिलिभर नेपाल प्रा.लि., स्मार्ट स्टडी, कान्तिपुर म्यानेजमेन्ट, एभरेष्ट कलर, एमएम पोलिमर्स, सिद्धार्थ बैंक, महालक्ष्मी विकास बैंक, जोभियल, कफि बार लगायतले सह-प्रायोजन गरेको अध्यक्ष ढकालले बताए ।

हेटौंडा उपमहानगरपालिका, रोटरी क्लब अफ हेटौंडा र रोटरी क्लब अफ मकवानपुरले पनि आवश्यक साथ र सहयोग गरिरहेको उनको भनाइ छ । करिब १ हजार जना रोटर्याक्टरहरुकोसहभागिता रहने कार्यक्रमा २० लाख रुपैयाँलागत अनुमान रहेको आयोजकले बताएको छ ।

# धर्मले सबैलाई एकताको शुत्रमा बाँध्न मद्दत गर्छः बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ नेपाली काँग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँले धर्मले सबैलाई एकताको शुत्रमा बाँध्न मद्दत गर्ने बताएका छन् ।

हेटौडा-१७ गैरीगाउँमा रहेको श्रीमद्भागवत ज्ञानसञ्चार बृद्धाश्रमले निर्माण गर्न लागेको आण्डाल बेद अध्ययन केन्द्रको बिहीवार शिलान्यास गर्दै बानियाँले यस्तो बताएका हुन् । उनले धर्मले सबैको हीत गर्ने बताए । बानियाँले आफ्नो राजनैतिक यात्रा यसै मन्दिरबाट शुरु भएको र यहाँ बन्ने भौतिक संरचना बनाउन आफूले सदैव सहयोग गर्ने बताए । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका उपमेयर राजेश बानियाँले उपमहानगर पालिकाको तर्फबाट ५ लाखभन्दा बढी सहयोग गर्ने बताए ।

उपमेयर बानियाँले उपमहानगरपालिकाले साडी बाँडेको सत्य नभएको बताउदै आफूले आफनो पसलबाट पैसा लिएर साडी बिक्री गरेको बताए । अध्ययन केन्द्र निर्माण गर्न बागमती प्रदेश पर्यटन मन्त्रालयबाट ४० लाख, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट १० लाख र हेटौडा-१७ नं. वडा कार्यालयबाट २ लाख रकम प्राप्त भएको छ । विष्णुलक्ष्मी शयन अवतारसहित अध्ययन केन्द्रमा कमल पोखरी, पुष्प बाटिका, रामानुज स्तम्भ र हलसहित निर्माण गर्न करिब ५ लाख खर्च लाग्ने बृद्धाश्रमका सचिव नवराज न्यौपानेले बताए ।

बृद्धाश्रमका अध्यक्ष लक्ष्मण कटुवालको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौडा-१६ का वडा अध्यक्ष उद्धव सत्याल, १७ का वडा अध्यक्ष रामकृष्ण कोईराला, वृद्धाश्रमका पूर्वअध्यक्ष हरिप्रसाद सिग्देल, कामधेनु बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष उदय बिडारी, विभिन्न मन्दिरका मठाधिशहरु, स्थानीयलगायतको सहभागिता थियो ।

# दुई पाकेटमार रंगेहात पक्राउ

हेटौंडा, २३ भदौ/ मकवानपुर प्रहरीले दुई जना पाकेटमारलाई रंगेहात पक्राउ गरेको छ ।

बिहीबार जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले हेटौंडा-१ स्थित प्रहरी कार्यालयनजिकैबाट उनीहरुलाई रंगेहात पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय अगाडिको मोडमा हेटौंडा अस्पतालमा उपचार गराउन बसामाडीबाट आएका ७७ वर्षीया टेकबहादुर बुढाथोकीको नगद दुई हजार रुपैयाँ चोरी गरेर भाग्दै गर्दाको अवस्थामा उनीहरुलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेहरुमा चितवन रत्ननगर-११, टाँडीका ४८ वर्षीय रोज तामाङ र हेटौंडा-९ का लक्ष्मण तामाङ रहेको कार्यालयका प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए ।

# श्रमिक माविले मनायो अन्तर्राष्ट्रिय साक्षरता दिवस



साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ हेटौंडा-४ स्थित श्रमिक माविले विभिन्न कार्यक्रम गरेर अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाएको छ ।

विद्यालयले विहीबार परेको अन्तर्राष्ट्रिय साक्षरता दिवस विभिन्न कार्यक्रम गरेर मनाएकोहो । विद्यालयका प्रधानाध्यापक श्रीराम दाहालले १ कक्षादेखि १० कक्षासम्म सबै विद्यार्थीको सहभागितामा साक्षरता दिवस मनाइएको बताए । कक्षा १ देखि कक्षा ३ सम्मका विद्यार्थीका लागि छिटो लेखन कला प्रतियोगिता, ४ र ५ कक्षाका विद्यार्थीबीच अंग्रेजी उच्चारण प्रतियोगिता आयोजना गरिएको थियो भने कक्षा ६ देखि कक्षा ८ सम्मका विद्यार्थीबीच गणित दौड प्रतियोगिता, कक्षा ९ र १० का विद्यार्थीबीच पनि गणित दौड प्रतियोगिता आयोजना गरिएको उनले बताए । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई पुस्कार वितरण गरिएको थियो ।

# झुटा समाचार र दुस्प्रचारबारे प्रशिक्षण



साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ झुटा समाचार र दुस्प्रचारबारे हेटौंडामा २ दिने कार्यशाला प्रशिक्षण सुरु भएको छ ।

फ्रिडम फोरमको आयोजना तथा पत्रकार महासंघ मकवानपुरको समन्वयमा बिहीबारदेखि हेटौंडामा झुटा समाचार र दुस्प्रचारबारे कार्यशाला प्रशिक्षण सुरु भएको हो । पत्रकारिता विषयका शिक्षक अस्टिन लिन्डाले कार्यशालामा प्रशिक्षण दिइरहेकी छन् । उनले सामाजिक सञ्जालबाट खोजेर बुलियन अपरेटरको प्रयोग गरी झुटा समाचार र दुस्प्रचार खोज अभ्यासलाई प्रभावकारी बनाउनुपर्ने बताइन् । पत्रकारितामा कुसमाचार र दुस्प्रचारले पार्ने प्रभावबारे जानकारी दिने उद्देश्यले आयोजित कार्यशाला आज शुक्रबारसम्म हुनेछ ।

# हेटौंडाका ३ जना लागूऔषधसहित पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-५, स्थित सिचाईटोलबाट ३ जनालाई लागूऔषधसहित पक्राउ गरेको छ ।



प्रहरीलाई प्राप्त विशेष सूचनाका आधारमा सिचाईटोलस्थित ३१ वर्षीय धर्मेन्द्र खेम्काको घरमा छापा मार्दा लागूऔषध बरामद भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । खेम्काले आफ्नै घरमा लागूऔषध लुकाएर बिक्री वितरण गर्दै आइरहेको आरोपमा उनलाई पक्राउ गरिएको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । लागूऔषध बिक्री वितरणमा संलग्न रहेको आरोपमा २६ वर्षीय रविन श्रेष्ठ र भीमफेदी-५ घर भइ हाल हेटौंडा-५, सिचाई टोल डेरा गरी बस्ने ३० वर्षीय प्रमोद कार्की पक्राउ परेका छन् । खेम्काको घरको कोठाबाट लागूऔषध नाईट्रोभेट ३ सय १६ ट्याब्लेट र अनरेक्सको १४ बोत्तल फेला परेको थियो । उनलाई प्रहरीले पक्राउ गरी सोधपुछ गरेको थियो ।

यसैगरी, प्रहरीले श्रेष्ठ र कार्कीको कोठामा लुकाएको लागूऔषध नाइट्राभेट १५ सय ४५ ट्याब्लेट र अनरेक्स ६३ बोत्तल फेला पारेको थियो । प्रहरीले उनीहरुमाथि जिल्ला अदालत मकवानपुरबाट म्याद थप गरी अनुसन्धान गरिरहेको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

# अनलाइनबाट नगद ठगी गर्ने एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ मकवानपुर प्रहरीले अनलाइनबाट नगद ठगी गर्नेलाई पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा मकवानपुर प्रहरीले अनलाइनबाट नगद ठगी गर्ने एक जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा बारा जिल्ला घर भई हाल जिल्ला काठमाडौं बानेश्वरमा डेरा गरी बस्ने १८ वर्षीय सिद्धान्त जैसवाल छन् ।

उनले कमल दाहाल नाम फेक फेसबुक आइडीबाट दीर्घबहादुर लामासँग आठ हजार रुपैयाँ लिएको उजुरी जिल्ला प्रहरीमा परेपछि प्रहरीले उनलाई पक्राउ गरेको हो । प्रहरीले निरन्तर विद्युतीय टेक्नोलोजीको प्रयोग गरी खोजतलास गर्दै उनलाई हेटौंडा-१०, बसपार्कस्थित सडकमा घुमफिर गरिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

## बंशगोपालको दुई सय ५३ विद्यार्थीलाई छात्रवृत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ हेटौंडा-६ चौघडामा रहेको बंशगोपाल माध्यमिक विद्यालयले दुई सय ५३ विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छ । विहीबार परेको ५६ औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा विद्यालयले दुई सय ५३ विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरेको हो ।

विद्यालयले कक्षा नर्सरीदेखि ८ सम्म अध्ययन गर्ने २ सय १४ जना र कक्षा १० सम्म अध्ययन गर्ने ३६ जना दलित विद्यार्थीहरुलाई जनही ४ सयका दरले १ लाख १ हजार २ सय रुपैयाँ छात्रवृत्ति रकम वितरण गरिएको प्राचार्य रमेशप्रसाद लामिछानेले बताए । कार्यक्रममा २०७८ सालको वार्षिक परीक्षामा कक्षा नर्सरी देखि १० सम्म कक्षागतरुपमा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरुलाई पुरस्कार प्रदान गरिएको थियो । हेटौडा उपमहानगरपालिका शिक्षा महाशाखा प्रमुख गंगाधर रिमालको प्रमुख आतिथ्यता एवम् हेटौडा-६ का वडा अध्यक्ष एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुबहादुर दाहालको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

# जीवनको अन्तिम चुनाव जित्न चाहान्छुः कमल थापा

साझाकुरा संवाददाता

हेटौंडा, २३ भदौ/ राप्रपा नेपालका केन्द्रीय अध्यक्ष कमल थापाले जीवनको अन्तिम चुनाव जित्न चाहेको बताएका छन् ।

लगातार निर्वाचन हार्दै आएका थापाले ४ मंसिरमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन आफ्नो राजनीतिक जीवनको अन्तिम निर्वाचन हुने भन्दै जित्न चाहेको बताएका हुन् । 'आगामी चुनाव मेरो राजनीतिक जीवनको अन्तिम चुनाव हो । त्यसपछि म निर्वाचनमा सहभागी हुने छैन । जीवनको अन्तिम चुनाव भएकोले जित्ने ईच्छा छ', थापाले भने । हेटौडालाई प्रदेशको राजधानी बनाउन आफ्नो महत्वपूर्ण भूमिका रहेको बताउँदै अध्यक्ष थापाले अन्तिम एकपटक चुनाव जितेर जिल्लाको लागि केहि गर्न मन भएको बताए । पूर्वराजा महेन्द्रका बफादार कर्णेल क्षेत्रबहादुरका सन्तान उनी २०३७सालमै पञ्चायती संविधानको संशोधनका लागि गठन भएको मस्यौदा समितिको सदस्यसमेत बनेका थिए । थापा पछिल्लो निर्वाचनहरुमा लगातार पराजित हुँदै आएका छन् ।


## पसल बिक्रीमा

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

**फोन नं.: ९८४५४८७२३२**

## ॐ बृद्धाश्रमको साधारण सभा सम्बन्धि सूचना

हेटौंडा-२ मा रहेको ॐ बृद्धाश्रमको १६ औं साधारण यही मिति २०७९ भदौ २४ गते हुन गइरहेकोले सम्पूर्ण आजीवन सदस्य, साधारण सदस्य, चन्दादाता सुवेच्छुकहरुलाई उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**तपशिल:**

मिति: २०७९ भदौ २४ गते
समय: विहान ११:०० बजे
स्थान: ॐ बृद्धाश्रमको हल
सम्पर्क: ५२६५१५

सिद्धिलाल श्रेष्ठ (अध्यक्ष)

ॐ बृद्धाश्रम, हेटौंडा-२, मकवानपुर

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

3 YEARS LAB TECHNICIAN RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०७९ र ०८० को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई समग्र Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI विशेषताहरू:**

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने,
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था,
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने,
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने,
- उत्कृष्ट ल्याबको सुविधा

Lab Technician -30 Seats
Radiography -30 Seats

फारम शुल्क रु १५००/-

- फारम वितरण मिति २०७९/०५/२२ गते बुधबारदेखि,
- फारम बुझाउने अन्तिम मिति २०७९/०६/०५ गते बेलुका ४:३० बजेसम्म,

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**

हेटौंडा-५, भैरवरोड, सम्पर्क: ०५७-५२१८५२, ५२०६८८ ९८४५०२९८१०

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

## विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना